नरैनापुर गाउँपालिका
Narainapur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : २०८२।०८३
चलानी नः सूचना प्रविधि शाखा

मितिः २०८२।१२।२४
नेपाल सम्वत ११४६ चौलागा

## सूचना !!

**श्रम ऐन बमोजिम न्युनितम पारिश्रमिक तथा सामाजिक सुरक्षा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा।**

उपरोक्त बिषय मा श्रम, रोजगारतथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/१२/२३ गतेको प्रेस बिज्ञप्ति (यसै पत्र साथ संगलग्न) अनुसार श्रम ऐन २०७४ को दाफा १८ को उप दफा (३) मा प्रशिक्षार्थी वा तालिम मा रहेका व्यक्तिलाई पनि रोजगार दाता ले न्युनतम प्राश्रामिक, बिरामी बिदा तथा उपदान, संचयकोष, बीमा लगायतका सामाजिक सुरक्षामा कमी नहुनेगरी सुबिधा दिनु पर्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ।

**तसर्थ :** यस गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण रोजगारदाताहरुमा श्रम ऐन २०७४ तथा प्रचलित कानून बमोजिम उपलब्ध गराउनु पर्ने न्युनतम पारिश्रमिक तथा सामाजिक सुरक्षाको पूर्ण पालना गर्न सम्बन्धित सबै सरोकारवालाहरुलाई यो पत्र मार्फत सूचित गरिन्छ।

२०८२।१२।२४

..............................
कृष्ण कुमारी चन्द
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

श्रम ऐन, २०७४ को दफा १८ को उपदफा (३) मा तालिमीको रूपमा काममा लगाइएका व्यक्तिलाई रोजगारदाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बीमा लगायतका सामाजिक सुरक्षामा कमी नहुने गरी सुविधा दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ।

यस मन्त्रालयमा विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा तालिमी श्रमिकको रूपमा कार्यरत स्वास्थ्यकर्मी/नर्सिङ्ग स्टाफ, निजी तथा संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारी, साथै अन्य विभिन्न प्रतिष्ठानमा कार्यरत व्यक्तिहरूबाट तोकिए बमोजिमको न्यूनतम पारिश्रमिक तथा अन्य सुविधाहरू नपाएको भन्ने उजुरी तथा गुनासाहरू प्राप्त भएका छन्। यस विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

तसर्थ, श्रम ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने न्यूनतम पारिश्रमिक तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्न सम्पूर्ण रोजगारदाताहरूमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ। यस विपरित न्यूनतम पारिश्रमिक लगायतका सुविधाहरूबाट वञ्चित गराएको पाइएमा प्रचलित कानुन आकर्षित हुने व्यहोरा जानकारी गराँउदै उक्त कानुनको स्वत:स्फूर्त परिपालना गर्न सम्बन्धित सबै प्रतिष्ठान, संस्था तथा सरोकारवालाहरूलाई हार्दिक अपिल गरिन्छ।

मिति: २०८२/१२/२३
नेपाल सम्वत ११४६, चौलागा चतुर्थी

सहसचिव/प्रवक्ता

श्री प्रशासन शाखा

श्री सुचना प्रविधी शाखा
अ.का गर्नु हुन।
२०८२/१२/२८

नरैनापुर गाउँपालिका
दर्ता नं. ११२६
दर्ता मिति : २०८२/१२/२४



Scanned with CamScanner
CamScanner